हेटौंडा उपमहानगरपालिका
२ नं. वडा कार्यालय
नगरपालिका रोड, हेटौंडा
बागमती प्रदेश, नेपाल

# बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणाका लागि

# अन्तिम प्रतिवेदन

मितिः २०८१/०२/१९

*प्रतिवेदन पेश गर्ने:*
हेटौंडा उपमहानगरपालिका,
२ न. वडा कार्यालय,
हेटौडा, मकवानपुर

*प्रतिवेदन पेश हुने निकाय:*
नगर कार्यपालिका मार्फत
जिल्ला समन्वय समितिको
कार्यालय, हेटौंडा, मकवानपुर

# प्रतिवेदनमा समावेश गरिएका विषय वस्तुका सूची:

१) हेटौंडा उपमहानगरपलिका वडा नं. २ को संक्षिप्त परिचय
२) बालमैत्री स्थानीय शायनयुक्त वडाको रूपमा घोषणा गर्न तथा यसको दिगोपनाका लागि भएका अवसर तथा चुनौतीहरू
३) बालबचाऊका सूचक पुरा गर्ने क्रममा यस वडाले गरेका महत्त्वपूर्ण कार्यहरू
४) बालबचाऊका सूचकहरूको विद्यमान अवस्था
५) बालसंरक्षणका सूचक हासिल गर्ने क्रममा यस वडाले गरेका महत्त्वपूर्ण कार्यहरू
६) बालसंरक्षणका सूचकहरूको विद्यमान अवस्था
७) बालविकासका सूचक हासिल गर्ने क्रममा यस वडाले गरेका महत्त्वपूर्ण कार्यहरू
८) बालविकासका सूचकहरूको विद्यमान अवस्था
९) बाल सहभागिताका सूचकमा भएका महत्त्वपूर्ण कार्यहरू
१०) स्थानीय तहको शासकीय संरचनामा बालबालिकाको स्थिति
११) हेटौंडा उपमहानगरपलिका वडा नं. २ मा रहेका बाल समुहको नामावली
१२) हेटौंडा उपमहानगरपलिका वडा नं. २ मा रहेको वडास्तरीय बाल सञ्जालका पदाधिकारीको नामवली
१३) हेटौंडा उपमहानगरपलिका वडा नं. २ को वडा समिति, बालमैत्री स्थानीय शासन वडा समिति र वडा बालअधिकार समितिमा भएका पदाधिकारीहरूको नामावली
१४) बाल सहभागिताका सूचकहरूको विद्यमान अवस्था
१५) संस्थागत सूचकमा भएका महत्त्वपूर्ण कार्यहरू
१६) संस्थागत सूचकहरूको विद्यमान अवस्था
१७) बालमैत्री स्थानीय शासनका तहगत खुड्कीला सम्बन्धी विवरण
१८) बालबालिका सम्बन्धी योजना तर्जुमा र कार्यान्वयनको अवस्था

## १) हेटौंडा उपमहानगरपालिका वडा नं. २ को संक्षिप्त परिचय

२०७१ साल मंसिर १६ गतेको नेपाल सरकारको निर्णयबाट हेटौंडा उपमहानगरपालिका स्थापना भएको हो। नेपालको संविधान २०७२ अनुसारको नयाँ संरचना अनुरुप मकवानपुर जिल्लाका एक मात्र उपमहानगरपालिका बागमति प्रदेशको राजधानीको रुपमा रहेको छ। यस उपमहानगरपालिकामा जम्मा १९ वटा वडाहरु छन्।

वडा नम्बर २ को क्षेत्रफल २.३३ वर्ग कि.मी. रहेको छ। यस वडाको पश्चिम सिमानामा त्रिभुवन राजपथ, दक्षिण सिमानामा कान्ति राजपथ, पुर्व र उत्तर सिमानामा मकवानपुरगढि गाउँपालिका रहेको छ। राप्ति खोलाले पश्चिम तर्फको सिमानासंगै आफूलाई फैलाएको छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार यस उपमहानगरपालिकाको कूल जनसंख्या १,९३,५७६ (९५,६७८ पुरुष र ९७,८९८ महिला) रहेको छ। यस वडामा घरधुरी तथ्याङ्क संकलन सर्वेक्षण, २०७९ अनुसार १८ वर्ष मुनिका बालबालिकाको जनसंख्या १,८११ रहेको छ जस्मा ९४४ बालक र ८६७ बालिका रहेका छन्। कूल बालबालिकाको जनसंख्यालाई आधार मान्दा ४७.८७ प्रतिशत बालिका र ५२.१३ प्रतिशत बालकको रहेका छन्।

यस हेटौंडा उपमहानगरपालिकाको वडा नं. २ साबिक हेटौंडा उपमहानगरपालिकाको वडा नं. २ र ३ मिलेर बनेको छ। यस वडाको मुख्य बस्तिहरुमा नगरपालिका रोड, मनकामना चोक, संगम चोक, सानोपोखरा, बुद्ध चोक र चौकि टोल हुन। यस वडासंगै राप्ती नदिको तट भएर त्रिभुवन राजपथ गएको छ। यहाँको ऐतिहासिक तथा धार्मिक स्थलहरुमा बनस्खण्डी र जलेश्वर आदी रहेको छ। यस वडामा प्रदेश स्तरिय र जिल्ला स्तरिय सरकारि तथा अन्य संघ संस्थाहरु रहेका छन्।

यस वडामा व्यापार-व्यवसायको क्षेत्रमा सबैभन्दा धेरै परिवारहरु आवद्ध रहेका छन् अर्थात ४२% परिवार छन् भने २३% सेवा-नोकरीको क्षेत्रमा संलग्न छन्। कृषि र पशुपालन गर्नेहरु ३ प्रतिशत र ज्याला मजदुरी गर्नेहरु ६ प्रतिशत छन्। यस वडाबाट वैदेशिक रोजगारमा गएका व्यक्तिहरुको संख्या २३४ रहेको छ र ती मध्ये ३५ प्रतिशत महिला छन्।

यस हेटौंडा उपमहानगरपालिका, वडा नं. २ ले २०८० चैत्र १२ गते पुर्ण खोप, २०७३ भाद्र ३० गते पुर्ण साक्षरता र २०६७ चैत्र २१ गते खुल्ला दिसा मुक्त वडा घोषणा गरिसकेकोले नेपाल सरकारको मापदण्डको आधारमा तयार भएको बालमैत्री स्थानीय शासन घोषणा गर्न आवश्यक विभिन्न सुचकहरु पार गर्दै बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्ने अभियानमा रहेको छ। हेटौंडा २ नं. वडालाई बालमैत्री स्थानीय शासन युक्त वडा घोषणा गर्नका लागी हेटौंडा उपमहानगरपालिका, विभिन्न संघ संस्था, विभिन्न सरोकारवालाहरुको प्रयास र सहयोगबाट यो वडालाई यहि २०८१ साल असार मसान्त भित्र बालमैत्री स्थानीय शासन घोषणा गरी बालअधिकारको सुनिश्चितता तथा घोषणा पश्चात निरन्तर दिगोपनाका यस वडाको हालको प्रमुख उदेश्य रहेको छ ।

## २) बालमैत्री स्थानीय शायनयुक्त वडाको रूपमा घोषणा गर्न तथा यसको दिगोपनाका लागि भएका अवसर तथा चुनौतीहरू:

बालअधिकार महासन्धिको अनुमोदनले बालबालिकाहरु प्रति राज्यलाई जवाफदेहि बनाएको र यसै प्रति लक्षित भई नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ तथा घोषणा कार्यविधि २०७९, स्थानीय सरकार संचालन ऐन २०७४ तयार हुनु आफैमा एउटा अवसरको

रुपमा रहेको छ । बालअधिकारको विषयलाई स्थानीयतहको समग्र कार्यपद्धति र प्रणालीमा अन्तरभूत गर्दै कार्यान्वयन गर्न गरेको निर्देशन बमोजिम बालमैत्री स्थानीय शासन अवलम्बनलाई लक्ष्यका साथ अगाडी बढाईएको हो ।

- यस वडाले २०७९ मंसिर १२ देखि बालमैत्री स्थानीय शासन अवलम्बन गरी तोकिएको सूचकमा विभिन्न नतिजामा कार्य गरिरहेकोमा बालमैत्री स्थानीय घोषणाका लागि आवश्यक गतिविधि पुरा गरिसकेकोछ।
- यस २ नं. वडामा बालमैत्री घोषणाका प्रशस्त सम्भावना भए पनि केही चुनौतीहरु पनि रहेका छन् । जसलाइ बुँदागत रुपमा यस प्रकार प्रस्तुत गरिएको छः

**बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणाका सम्भावना र अबसरहरुः**

१. पुर्णखोप, खुल्ला दिसा मुक्त, पुर्ण साक्षर घोषणा भएको वडा

२. विभिन्न प्रदेश स्तरीय मन्त्रालय, जिल्ला स्तरीय कार्यालय र स्थानीय तहको नगर कार्यपालिकाको कार्यलय रहेको वडा

३. आधारभुत देखी स्नाकोत्तर सम्म अध्यापन हुने शैक्षिक संस्था रहेको वडा

४. पिपलबोट कृष्ण मन्दिर, हनुमान मन्दिर,वनस्खण्डी, जलेश्वर मन्दिर, गणेश मन्दिर, तिर्तिरे ढुङ्गेधारा लगायत अन्य धार्मिक तथा पर्यटकिय स्थल रहेको

५. सिविन बाल हेल्पलाईन र हिरण्य नेपाल बालगृह रहेको

६. वडाको अधिकाशं भागमा व्यवसायिक र बजार क्षेत्र रहेको

७. वन जंगलवाट स्रोत साधनको प्रयोग

८. मिश्रित समुदायको वाहुल्यता

९. विकास निर्माणको कार्यमा समुदायको सक्रिय सहभागिता

१०. जनसंख्याको आधारमा समतामुलक विकासको विस्तार

११. स्थानीय तहमा रोजगारीको सृजना

१२. दक्ष जनशक्तीबाट जनतामा गुणस्तरीय सेवा प्रवाह

१३. स्थानीय सरकार संचालन ऐन २०७४ मा बालमैत्री स्थानीय शासन घोषणालाई मुख्य सवालको रुपमा लिइनु ।

१४. बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८, बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि २०७९ ले बालमैत्री स्थानीय शासनयुक्त वडा, स्थानीयतह घोषणाका लागि स्पष्ट मार्गदर्शन प्रदान गर्नु

१५. बालमैत्री स्थानीय शासन वडा समिति, राजनीतिक दल, वडा बाल अधिकार समिति, बालसमूह तथा बालसंजाल लगायत संरचनाहरुको सक्रियता ।

१६. स्वास्थ्य र शैक्षिक संस्था लगायतका विषयगत निकाय र अन्य सामाजिक संमूह संगठनहरु संग राम्रो समन्वय रहनु ।

१७. बालमैत्री स्थानीय शासन प्रति समुदायको चासो र सक्रियता ।

१८. बालमैत्री स्थानीय शासनका ५१ सूचक मध्ये सम्पूर्ण सूचकमा तोकिए बमोजिमको नतिजा प्राप्तीको अवस्था ।

१९. शिक्षा, स्वास्थ्य, खानेपानी, महिला तथा बालबालिका, सामाजिक विकास, पञ्जिकरण, सहकारी ,सामुदायिक मेलमिलाप केन्द्र लगायत विषययगत सरोकारवालाहरुद्धारा विषयगत क्षेत्रमा नेतृत्व लिई सक्रिय रहनु।

२०. १ जना बालमैत्री वडा सहजकर्ता परिचालन

२१. समुदाय र विद्यालयमा गरी १९ ओटा बालसमूह र १ वटा वडास्तरीय बालसमूह संजाल गठन भई क्रियाशील ।

२२. यस वडाका स्थानीय वडाबासीद्धारा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा प्रक्रियामा पूर्ण प्रतिबद्धता र सहयोग ।

२३. बालश्रमिक नरहेको र बाल बिबाह नभएको वडा ।

२४. प्रतिबद्ध, लगनशील र उर्जावान जनप्रतिनिधी

**बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणाका चुनौतीहरुः**

१. उपलब्ध स्रोत साधनको तुलनामा समुदायको विकास प्रतिको माग अत्याधिक।

२. स्थानीय दक्ष जनशक्तीको अभावले बाहिरको जनशक्ती प्रयोग।

३. बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८, बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि २०७९ मा तोकिएका सूचक बमोजिमको नतिजालाई प्रभावकारी रुपमा टिकाइराख्न ।

४. बालमैत्री स्थानीय शासनलाई सफल बनाउन विषयगत शाखा र अन्य सरोकारवालालाई निरन्तर विशेष जिम्मेवारी वोध गराईराख्न ।

५. बालबालिकाको स्वास्थ्य, शिक्षा, संरक्षण, सहभागिता जस्ता चौतर्फी पक्षको उच्चतम प्रवर्धन गर्न।

६. हरेक वर्ग, समुदाय, लिंग, क्षेत्र जाति आदि सबै जनतामा बालमैत्री आचारसंहिताको सफल व्यवहारिक कार्यान्वयन गर्न ।

७. बजार र व्यवसायिक क्षेत्रमा बालश्रमिक नियमन र नियन्त्रण गर्न।

८. शैक्षिक संस्थान वरपर र सार्वजनिक स्थान वरपर सुर्तिजन्य, धुम्रपान मद्यपान बिक्रि वितरण नियमन गर्न ।

**३) बालबचाऊका सूचक पुरा गर्ने क्रममा यस वडाले गरेका महत्त्वपूर्ण कार्यहरू**

<u>२ नं. वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणाका लागि बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ बमोजिम सेवाप्रवाह र संस्थागत सुचकहरु प्राप्तीको लागि गरिएका महत्वपुर्ण कार्यहरु:</u>

***बालबालिकाको बाँच्न पाउने अधिकार संरक्षणका लागि वडामा भएका कार्यहरु:***

१) पूर्ण स्तनपान, स्वास्थ्य शिक्षा, पोषिलो खाना स्थानीय स्तरमा व्यवस्थापन, आइरन चक्की प्रयोग, सरसफाई सम्बन्धी सचेतना कार्यक्रम संचालन, हात धुने बिधि कार्यक्रम ,घरदैलो अभियान ।

२) पूर्णखोप वडा घोषणा र यस्को निरन्तरता रहेको ।

३) एच.आइ.भि.सम्बन्धि सचेतना कार्यक्रम नियमित भएको र संक्रमित नरहेको ।

४) खुल्ला दिसा मुक्त वडा घोषणा र निरन्तरता ।

५) सुत्केरी आमा तथा बालबालिकाको लागि जनप्रतिनिधिद्वारा पोषण सामाग्री वितरण र बालबालिकाको नियमित तौल जाँच।

६) हजार दिनका आमा र आमा समूहहरुलाई पुर्ण स्तनपान, सुरक्षित मातृत्व, पोषण, सरसफाई लगायतका विषयमा निरन्तर सचेतना र परामर्श।

७) राष्ट्रिय कार्यक्रम अन्तर्गत ५ वर्ष मुनिका बालबालिकालाई भिटामिन “ए” तथा जुकाको औषधी खुवाउनुको साथै नियमित बृद्धि अनुगमन गर्ने गरिएको।

८) चर्पी गएपछि, खाना खानु अगाडि र बच्चाको दिसा धोएपछि साबुन पानीले हात धुनुपर्ने विषयमा सचेतना कार्यक्रम संचालन ।

९) खानेपानी संस्थानद्वारा प्रत्येक घरधुरीमा खानेपानी धारा वितरण र नियमित खानेपानी परिक्षण भएको (आधारभुत तहको खानेपानी सुविधा सबै परिवारमा उपलव्ध)।

१०) विद्यालय, समुदाय तथा बालसमूहका सदस्यहरुमा साबुन पानीले हात धुने परिपाटी स्थापित।

११) विद्यालयमा किशोरकिशोरी केन्द्रित प्रजनन स्वास्थ्य, एच.आइ.भि.सम्बन्धी सचेतना कार्यक्रम ।

१२) महिला सामुदायिक स्वास्थ्य स्वयमसेविका र आमा समूहको वैठकमा बालबचाऊका सूचक वारे छलफल ।

१३) आयोडिनयुक्त नुनको प्रयोग बारे सचेतना जागरुक गराई हरेक घरपरिवारले आयोडिनयुक्त नुनको प्रयोग गरेको सुनिश्चित।

१४) स्वास्थ्य संस्थाको मासिक, वार्षिक प्रतिवेदन संकलन गरिएको ।

१५) कोरोना न्यूनिकरणका लागि बिभिन्न समयमा कोरोना रोकथाम सम्वन्धी बिभिन्न कार्यक्रम तथा खोप सन्चालन गरेको ।

१६) समय समयमा स्वास्थ्य शिविर सञ्चालन।

१७) आर्थिक अवस्था कमजोर भएका बालबालिकालाई निशुल्क स्वास्थ्य बिमा।

१८) स्वास्थ्य संस्थाद्वारा बालसमूहलाई मास्क, पञ्जा वितरण।

१९) संस्थागत विद्यालयका बालसमूहलाई प्याड वितरण।

२०) वडामा स्तनपान कक्षको स्थापना भएको ।

२१) डेङ्गु विरुद्ध समुदाय र विद्यालयमा सचेतना र सरसफाई कार्यक्रम संगै डेङ्गु लगायतका अन्य रोगव्याधी विरुद्ध औषधी र औषधी छर्किने स्वचालित मेसिन वितरण।

### ४) बालबचाऊका सूचकहरूको विद्यमान अवस्था

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ मा उल्लेख गरिएका बालबचाऊ सम्बन्धी सूचकहरुको वडास्तरीय अन्तिम अवस्था यस प्रकार रहेको छः

| क्र. स. | सुचक | आधार वर्षको अवस्था (०७९ /८०) | हालको अवश्था (२०८१/०२/१७सम्म ) | घोषणाको लागि आवश्यक प्रतिशत | सुचकको व्याख्या |
|---|---|---|---|---|---|
| १ | गर्भवती महिलाहरुले कम्तिमा प्रसूति पूर्व ८ पटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा ४ पटक स्वास्थ्य जाँच गराएको हुनुपर्ने | | ९६%% | ९५% | १०५ जना गर्भवती मध्ये समय पुगेका १०५ जनाले जाँच गराएका छन् । सुत्केरी आमा सहित १०५ जना नवजात शिशु सबैले जाँच गराएका छन्। |
| २ | गर्भवती महिलाले टिटानस विरुद्धको २ वटा खोप लगाएका हुनेछन् । | | ९६%% | ९५% | १०५ जना गर्भवती मध्ये समय पुगेका सबै जनाले टिडी विरुद्धको खोप लगाएका छन्। |
| ३ | गर्भवती तथा सुत्केरी आमाहरुले आईरन चक्की ( जम्मा २२५ वटा ) खाएका हुनेछन् । | | ९६%% | ९५% | १०५ जना सुत्केरी सबैले २२५ वटा आइरन चक्की खाएका छन् र जना गर्भवतीले नियमित खादै छन्। |
| ४ | दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराईएका हुनेछन् । | | १००% | ८०% | १०५ जना गर्भवती सबै स्वास्थ्य संस्थामा सुत्केरी भएका छन्। |
| ५ | ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्य रुपमा पुर्ण स्तनपान गराएका हुनेछन् । | | ९०% | ८०% | ६ महिनाका १०५ जना शिशु मध्ये ९५ जना शिशुले पुर्ण स्तनपान पाएका छन्। |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | छ महिला देखि पाँच वर्ष मुनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाईएको हुनेछ। | | १००% | १००% | ६ महिना देखि ५ वर्ष मूनिका ६७६ जना सबै बालबालिका ले वर्षको २ पटक भिटामिन ए क्याप्सुल खाएका छन्। |
| ७ | १५ देखी २३ महिना भित्रका प्रत्येक बालबालिकाले नेपाल सरकारले तोकेका सबै र पुर्ण खोप प्राप्त गरी पूर्ण खोपयुक्त घोषणा भएको हुनेछ। | | १००% | १००% | १५ देखी २३ महिना भित्रका स्थानीय ७८ जना र अन्यत्रका बालबालिकाले नेपाल सरकारले तोकेका सबै र पूर्ण खोप प्राप्त गरी पूर्णखोपयुक्त वडा घोषणा भएको छ। |
| ८ | एच्आईभी संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाले ARV prophylaxis पाएका हुनेछन् । | | १००% | १००% | एच्आईभी संक्रमित बालबालिका नभएको। |
| ९ | सबै घरपरिवारले आयोडिनयुक्त नुनको प्रयोग गरेका हुनेछन् । | | १००% | १००% | यस वडाका घरपरिवार सबैले आयोडिनयुक्त नुनको प्रयोग गरेका छन्। |
| १० | कमतौल, पुड्को र ख्याउटेपन हुने पाँचवर्ष मुनिका बालबालिकाहरुको संख्यामा कमी आएको हुनेछ । | | १००% | ८०% | कमतौल, पुड्को र ख्याउटेपन हुने पाँचवर्ष मुनिका बालबालिकाहरु नभएको। |
| ११ | अति कडा कुपोषण भएका बालबालिकाको संख्या शुन्य भएको हुनेछ । | | १००% | १००% | अति कडा कुपोषण भएका बालबालिका नभएको। |
| १२ | सबै घरधुरीमा आधारभुत तहको खानेपानीको सुविधा उपलब्ध भएको हुनेछ । | | १००% | १००% | सबै घरधुरीमा खानेपानीको सुबिधा रहेको छ। |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | चर्पी गएपछि, बालबालिकाको दिसा धोएपछि र खाना खानु/खुवाउनु अघि साबुन पानीले हात धुने परिपाटीको विकास भएको हुनेछ । | | १००% | १००% | सबै घरपरिवारमा साबुन पानीले हात धुने परिपाटीको विकास भएको छ। |
| १४ | प्रत्येक घरपरिवारले शौचालयको प्रयोग भएको तथा खुला दिसामुक्त घोषणा भएको हुनेछ । | | १००% | १००% | प्रत्येक घरपरिवारले शौचालयको प्रयोग गरेका छन र खुला दिसा मुक्त घोषणा भइसकेको छ। |

## ५) बालसंरक्षणका सूचक हाँसिल गर्ने क्रममा यस वडाले गरेका महत्त्वपूर्ण कार्यहरू

बालसंरक्षणको अधिकार

**बालबालिकाको संरक्षणका सूचकहरुमा आधारित रही यस वडाद्धारा भएका कार्यहरुः**

१. टोल विकास संस्थाहरुमा पत्राचार गरि जन्मदर्ता अभियान संचालन गरिएको, खोपको बेला र विद्यालय भर्नाको बेला जन्मदर्ता अनिवार्य गरिएको छ ।
२. टोल टोलमा, विद्यालयमा बालविवाह न्युनीकरणका लागि सचेतनामुलक कार्यक्रमहरु संचालन भएका छन ।
३. बालमैत्री आचारसंहिता एवं बालसंरक्षणका कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइएको छ ।
४. वडा बालअधिकार समितिद्धारा विशेष गरी बालसंरक्षणको क्षेत्रमा सक्रियताका साथ कार्य भइरहेको छ ।
५. बिभिन्न पर्चा, पम्प्लेट, पत्राचार, सूचना वोर्ड जडान भएको छ ।
६. सुरक्षा निकायको समन्वयमा सचेतना कार्यक्रम संचालन भएको छ ।
७. बालश्रम, बाल विबाह, बाल कुलत विरुद्धको कानुनी व्यवस्था साथै बालअधिकार सम्वन्धी माईकिंङ कार्यक्रम गरिएको छ ।
८. टोल तथा विद्यालय बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमूखिकरण कार्यक्रम संचालन भएको छ ।
९. विभिन्न पसल, ग्यारेज, होटलमा बालश्रम, सूर्तिजन्य, मदिराजन्य पदार्थको बिक्रि वितरण नगराउने प्रतिबद्धता सहित फ्लेक्समा हस्ताक्षर गराई टाँस गरिएको छ। ।
१०. समुदाय र विद्यालयमा बालविवाह, बालश्रम, बालकुलत वारेमा अभिमुखिकरण गरिएको।
११. अभिभावक संगै सडकमा वेवारिसे अवस्थामा रहेका (दिदिभाई)१ बालक र १ बालिकालाई उद्धार गरि बालगृहको संरक्षणमा राखिएको।
१२. बालश्रममा भेटिएका बालबालिकालाई बालअधिकार समितिद्धारा उद्धार, मनोसामाजिक परामर्श र रोजगारदातालाई कारवाही साथै बालबालिकालाई पारिवारिक पुनर्स्थापना र नियमित पठनपाठनमा जोड दिईएको छ।

१३. सबै विद्यालयमा लागुपदार्थ दुर्व्यसनी, साइबर अपराध सम्बन्धी अभिमुखिकरण सम्पन्न।
१४. सबै विद्यालयद्वारा बालबालिकालाई शारिरिक, मानसिक यातना नदिने प्रतिबद्धता गरिएको।
१५. बालविवाह, बालश्रम लगायत बालबालिका विरुद्ध हुने अन्य हिंसा सम्वन्धी सचेतनामुलक कार्यक्रम सञ्चालन।
१६. बालसंरक्षण सम्बन्धी पर्चा, पम्प्लेट वितरण गरिएको।
१७. कुलतमा लागेका बालबालिकाका लागि नगरले गरेको सम्झौता अनुसार बालकको हकमा मामाघर नेपाल र बालिकाको हकमा माईती नेपालमा मनोपरामर्श र आवश्यक उपचार सहितको अल्पकालिन आवासिय व्यवस्थापन गरिएको।
१८. वडा कार्यालय, प्रहरी कार्यालय र विद्यालयमा बालमैत्री सम्पर्क व्यक्ति तोकीएको।

### ६) बाल संरक्षणका सूचकहरूको विद्यमान अवस्था

बालसंरक्षणका सूचकको अवस्था यस प्रकार रहेको छः

| क्र. स. | सुचक | आधार वर्षको अवश्था (०७९ /८०) | हालको अवश्था (२०८१/ ०२/१७ सम्म) | घोषणाको लागि आवश्यक प्रतिशत | सुचकको व्याख्या |
|---|---|---|---|---|---|
| १ | ५ वर्ष मुनिका सबै बालबालिकाको जन्म दर्ता भएको हुनेछ । | | १००% | १००% | वडाको घटना दर्ताको जन्मदर्ता अभिलेख अनुसार सबैको जन्मदर्ता भएको। |
| २ | निकृष्ट प्रकारको बालश्रम अन्त्य गर्दै प्रभावित बालबालिकाको पुनर्स्थापना भएको हुनेछ। | | १००% | १००% | वडा बाल अधिकार समिति र टोल विकास बाट नियमित अनुगमन एवं निगरानी भएको, यस वडाका १८ वर्ष मुनिका १८११ जना बालबालिका कोहि पनि कुनै प्रकारको श्रममा नरहेको। |
| ३ | स्थानीय तह बालविवाह मुक्त भएको हुनेछ । | | १००% | १००% | वडा बाल अधिकार समिति, टोल विकास र बाल समुहबाट सचेतनामुलक कार्यक्रम साथै नियमित अनुगमन एवं निगरानी भएको, २०८० श्रावण देखि हालसम्म २० वर्ष मुनिका विबाह नभएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | घरपरिवार, समुदाय, सार्वजनिक स्थान (विद्यालय, सामाजिक चाडपर्व, भेला) मा बालबालिका विरुद्ध हुने हिंसा, बेचबिखन, शोषण, बेवास्ता र दुव्र्यवहारमा कमि आएको हुनेछ । | | ९५% | ८०% | वडा बालअधिकार समिति, टोल विकास, आमा समुह, सुरक्षा निकाय र बाल समुहको सकृयतामा बाल संरक्षण प्रणाली स्थापित र क्रियाशिल रहेको, सचेतनामुलक अभिमुखिकरण र अन्य कार्यक्रम सञ्चालन भएको। |
| ५ | समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापित भई संचालनमा ल्याईएको हुनेछ। | | १००% | १००% | वडा बालअधिकार समितिको वैठक नियमित, टोल विकास, आमा समुह, सुरक्षा निकाय र बाल समुहको सकृयता मा बाल संरक्षण प्रणाली स्थापित र क्रियाशिल, वडामा बालमैत्री सम्पर्क शाखा स्थापना, वडा, विद्यालय र प्रहरी चौकीमा बालमैत्री सम्पर्क व्यक्ति तोकेको र गुनासो पेटिका राखि सुनुवाईको व्यवस्था मिलाईएको, बालमैत्री वडा सहजकर्ता परिचालन। |
| ६ | छाउपडि, कमलरी जस्ता सामाजिक कुप्रथा नरहेको हुनेछ । | | १००% | ९५% | यस वडामा यस्ता कुप्रथा नरहेको। |
| ७ | स्थानीय तह/समुदायले १४ वर्ष मुनिका असहाय बालबालिका (भएका) को संरक्षण गर्न विशेष व्यवस्था गरेका हुनेछन् । | | १००% | १००% | यस वडामा १४ वर्ष मुनिका असहाय बालबालिका भएमा नगर मार्फत मासिक २००० शैक्षिक सहयोग उपलब्ध गर्ने व्यवस्था रहेको। |
| ८ | स्थानीय तहमा सडक बालबालिकाको संख्या शुन्य भएको हुनेछ ।( सडक बालबालिकालाई (भएकोमा) | | १००% | १००% | यस वडामा सडक बालबलिका नरहेको। |

| | | | | | |
|---|---|---|---|---|---|
| | बालगृहमा राखी व्वस्थापन भएको हुने | | | | |
| ९ | स्थानीय तहमा रहेका विद्मालयहरुले बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिने छैनन् । | | १००% | १००% | सबै विद्यालयले बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिने छैनौ भनि लिखित प्रतिवद्धता गरेका छन । |
| १० | कुलतमा लागेका बालबालिकाको लागि बाल सुधार गृहमा राख्ने व्यवस्था मिलाएको हुनेछन् । | | १००% | १००% | कुलतमा लागेका बालकलाई मामाघर नेपाल र बालिकालाई माईती नेपालमा राखी परामर्श र आवश्यकता अनुसार उपचार गर्न नगरसंग सम्झौता भए अनुसार वडाले सिफारिस गरि पठाउने व्यवस्था मिलाईएको। |

## ७) बालविकासका सूचक हाँसिल गर्ने क्रममा यस वडाले गरेका महत्त्वपूर्ण कार्यहरू

*बालविकासको अधिकार:*

२ नं. वडामा १ वटा सामुदायिक विद्यालय र २ वटा संस्थागत विद्यालयमा हाल ३ ओटा बाल विकास केन्द्र सहितका माद्यामिक विद्यालय र मकवानपुर बहुमुखी क्याम्पस संचालनमा छन्।यस वडाका सम्पूर्ण बालबालिकाहरु बाल विकास केन्द्र र विद्यालयको पहुँचमा रहेका छन् ।

बालविकासको सूचकको क्षेत्रमा यस वडाद्वारा सम्पादित कार्यहरु यस प्रकार रहेका छन्:

१. हरेक विद्यालयमा छात्र छात्राको अलग अलग शौचालय पहिचानका लागी संकेत वोर्ड जडान।
२. सेनेटरी प्याड वितरण र ईन्सिनेटर च्याम्बरको व्यवस्था ।
३. विद्यालयका प्र.अ.हरु, बि.ब्य.स. सम्पर्क शिक्षकसंग बालविकासका सूचकहरुमा विशेष छलफल ।
४. बालमैत्री सम्पर्क शिक्षकहरुलाई बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमुखिकरण ।
५. सामुदायिक विद्यालयलाई खेलकुद सामाग्री वितरण।
६. विद्यालयमा बालमैत्री आचारसंहिता र बालअधिकार सम्बन्धी फ्ल्याक्स ब्यानर, पर्चा वितरण।
७. अतिरिक्त क्रियाकलाप संचालन भए नभएको अनुगमन।
८. विद्यालयमा कुहिने र नकुहिने फोहोर वर्गीकरण सम्वन्धी अतिरिक्त कक्षा सञ्चालन, लेवल अनुसार डस्विनमा फोहोर सङ्कलन र उचित विसर्जन।
९. घरदैलो गरि विद्यालय भर्ना अभियान।
१०. लगातार विद्यालय अनुपस्थित हुने बालबालिकाको अभिभावक तथा विद्यार्थीसंग छलफल कार्यक्रम।

११. विद्यालयमा कक्षा कोठा र शौचालयमा जान र्‍यामको व्यवस्थापन।
१२. बा. वि. केन्द्रका विद्यार्थीको सिकाई उपलब्धी सहितको व्यक्तिगत फाइल व्यवस्थापन।
१३. सामुदायीक विद्यालयमा १ देखि ५ कक्षासम्मको बालबालिकाको लागि दिवा खाजा तथा आर्थिक अवस्था कमजोर भएका माथिल्लो कक्षाको बालबालिकाको लागि समेत दिवा खाजा।
१४. विद्यालय तथा समुदायमा बालअधिकार, बालमैत्री स्थानीय शासन, बालमैत्री आचार संहिता लगायत अन्य सुचनामुलक भित्ते लेखन (चित्र सहित)।
१५. विद्यालयमा नियमित अतिरिक्त कृयाकलाप सञ्चालन।
१६. गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ती।
१७. SEE मा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई नगद र प्रमाणपत्र सहित सम्मान।

**८) बाल विकासका सूचकहरूको विद्यमान अवस्था**

| क्र.स. | सुचक | आधार वर्षको अवस्था (०७९/८० | हालको अवश्था (२०८१/०२/१७ सम्म) | घोषणाको लागि आवश्यक प्रतिशत | सुचकको व्याख्या |
|---|---|---|---|---|---|
| १ | ३ वर्ष देखि ४ वर्ष उमेर पुगेका सबै बालबबालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना भै टिकाउदर सतप्रतिशत रहेको हुनेछ (फरक क्षमता भएका बालबालिकाको हकमा विशेष व्यवस्था गर्नुपर्ने ) | | १००% | १००% | यस वडाका ३ वर्ष देखि ४ वर्ष उमेर पुगेका सबै बालबालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना भै टिकाउदर सतप्रतिशत रहेको । |
| २ | ५ देखि १४ वर्ष उमेर समुहका सतप्रतिशत बालबालिकाले आधारभुत शिक्षा( १ देखि कक्षा ८ सम्म) पुरा गरेका हुनेछन् । | | १००% | १००% | यस वडाका ५ देखि १४ वर्ष उमेर समुहका सबै बालबालिकाले आधारभुत शिक्षा प्राप्त गरेको। |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | प्रत्येक विद्मालयमा खानेपानीको सुविधा सहित छात्रछात्राको लागि अलग अलग शौचालयको व्यवस्था भै यसको प्रयोग भएको हुनेछ । | | १००% | १००% | १ सामुदायिक र २ संस्थागत गरि ३ वटा विद्यालय सबैमा खानेपानीको सुविधा सहित छात्रछात्राको लागि अलग अलग शौचालय, प्याड र ईन्सिनेटर च्याम्बरको व्यवस्था भै यसको प्रयोग भएको। |
| ४ | सबै विद्मालयका पूर्वाधार ( कक्षाकोठा, फर्निचर, खेलमैदान, खानेपानी धारा ) बालमैत्री, अपाङ्गतामैत्री र सुरक्षित भएका हुनेछन् । | | १००% | १००% | यस वडाका ३ वटै विद्मालयका पूर्वाधार कक्षाकोठा ), फर्निचर, खेलमैदान, खानेपानी धारा (सुधार पश्चात बालमैत्री, अपाङ्गतामैत्री र सुरक्षित हुँदै गरेको। |
| ५ | प्रत्येक विद्मालयमा अतिरिक्त कृयाकलाप सम्बन्धी कार्यक्रम संचालन भएको हुनेछ | | १००% | १००% | यस वडाका ३ वटै विद्मालयका विद्यार्थीलाई नियमित अतिरिक्त कृयाकलापमा सहभागी गराई सोको अभिलेखिकरण गरिएको। |
| ६ | सबै विद्यालयहरुले कुहिने र नकुहिने फोहोर अलग अलग बिर्सजन गर्ने व्यवस्था हुनेछन्। | | १००% | १००% | सवै विद्यालयले कुहिने र नकुहिने फोहोर लेवल अनुसारको डस्टबिनमा वर्गिकरण गरि उचित विसर्जन गर्ने गरेको। |

## ९) बाल सहभागिताका सूचकमा भएका महत्त्वपूर्ण कार्यहरू

*बालसहभागिताको अधिकार*

कुनै पनि स्थानीयतहलाई बालमैत्री स्थानीय शासनयुक्त घोषणाका लागि त्यहाँ बालबालिकासंग सम्बन्धित विभिन्न संरचनाहरुमा संस्थागतरुपमा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु पर्दछ । यस २ नं. वडामा पनि विद्यालय तथा समुदायस्तरमा १९ वटा बालसमूह गठन र परिचालन तथा वडामा वडास्तरीय बालसमूह संजाल गठन र परिचालन गर्दै बालमैत्री स्थानीय शासन वडा समिति, वडा बालअधिकार समिति, विपद् व्यवस्थापन समिति, विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति लगायतमा अर्थपूर्ण बालसहभागिता सुनिश्चित गर्ने कार्य भएको छ।सबै बालबालिकाहरुलाई बालअधिकार तथा बालमैत्री स्थानीय शासन सम्बन्धी क्षमता विकास तालिम प्रदान गरी उनीहरुको अधिकार र अर्थपूर्ण बाल सहभागिताको विषयमा सचेत गराइएको छ ।

*यस वडा कार्यलयले बाल सहभागिताका सूचकको क्षेत्रमा गरेका कार्यहरु निम्नानुसार प्रस्तुत गरिएको छ:*

१. बालसमूह संजाललाई र टोलस्तरीय १६ वटा बाल समुहलाई स्टेशनरी सहितको टिनको बाकस वितरण गरि नियमित बैठक संचालन ।

२. बालसमुह र संजालद्वारा नियमित अतिरिक्त कृयाकलाप सञ्चालन र अतिरिक्त कृयाकलापका लागि बजेट व्यवस्थापन (वडा मार्फत) ।

३. वडा बालमैत्री समितिद्धारा बालबालिका, अभिभावक तथा समाजका अगुवा सहितको उपस्थितीमा बालसमूहको महत्व र बालमैत्री स्थानीय शासनको विषयमा सचेतना सहित १९ वटा बालसमूह र १ वडास्तरीय बाल संजाल गठन तथा परिचालन।

४. वडास्तरीय बालमैत्री स्थानीय शासन समिति, वडा बालअधिकार समिती, विपद् व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति, विद्यालय व्यवस्थापन समिति र टोल विकास समितिमा १ बालक र १ बालिकाको (आमन्त्रित) सहभागिता सूनिश्चत भएको।

५. बालबालिकाहरुलाई बालअधिकार र बालमैत्री स्थानीय शासन सम्बन्धी क्षमता विकास र बालसमुह व्यवस्थापन एवं कार्ययोजना निर्माणमा सहजीकरण ।

६. वडास्तरीय बालभेला आयोजना तथा माग भई आएका योजना वार्षिक बजेटमा समावेश भई कार्यान्वयन भएको।

७. वडा र विभिन्न संघसंस्थाबाट क्षमता विकास अभिमुखिकरण कार्यक्रम।

८. विद्यालय, टोल, वडा र नगरस्तरीय विभिन्न कार्यक्रमहरुमा बालबालिकाको अर्थपुर्ण सहभागिता।

**१०) स्थानीय तहको शासकीय संरचनामा बालबालिकाको अर्थपूर्ण सहभागिताको स्थिती:**

| **क्र.स.** | **सहभागिता भएको निकाय** | **बालक** | **बालिका** | **जम्मा संख्या** |
|---|---|---|---|---|
| १ | बालमैत्री स्थानीय शासन वडा समिति | १ | १ | २ |
| २ | वडा बालअधिकार समिति | १ | १ | २ |
| ३ | विपद् व्यवस्थापन समितिमा आमन्त्रित | १ | १ | २ |
| ४ | विद्यालय व्यवस्थापन समितिमा आमन्त्रित | ३ | ३ | ६ |
| ५ | स्वास्थ्य व्यवस्थापन समितिमा आमन्त्रित | १ | १ | २ |
| | **जम्मा** | ७ | ७ | १४ |

**११) हेटौंडा उपमहानगरपालिका वडा नं. २ मा रहेका बालसमूहको नामावली**

| क्र.स | बाल समुहको नाम | बालक | बालिका | जम्मा | अध्यक्षको नाम |
|---|---|---|---|---|---|
| विद्यालयस्तरीय बाल समुह | | | | | |
| १ | सिद्धार्थ बाल समुह | ९ | १६ | २५ | भोजराज संजेल |
| २ | ज्ञानोदय बाल समुह | १५ | १० | २५ | हिमेश आचार्य |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | बाल जागृती बाल समुह | १४ | ११ | २५ | कृषाङ्गी अर्याल |
| टोल स्तरीय बाल समुह | | | | | |
| १ | उज्जवल बाल समुह | १६ | ६ | २५ | सन्देश रिजाल |
| २ | सिम्रिक बाल समुह | १६ | ९ | २५ | रोजिना पुडासैनी |
| ३ | एकता बाल समुह | १६ | ९ | २५ | ईन्वेश तिमाल्सिना |
| ४ | सगरमाथा बाल समुह | १२ | १३ | २५ | स्माईल खड्गि |
| ५ | नमुना बाल समुह | ११ | १४ | २५ | प्रथा राजबाहक |
| ६ | सक्षम बाल समुह | १० | १५ | २५ | समृद्धी पौडेल |
| ७ | नयाँ मनकामना बाल समुह | १२ | ६ | १८ | कृतन आचार्य |
| ८ | मानस बाल समुह | १४ | ११ | २५ | आयम पाठक |
| ९ | चौकीटोल बाल समुह | १३ | १० | २३ | प्रान्सु गुरुङ्ग |
| १० | स्वर्णिम बाल समुह | १५ | ११ | २६ | अपेक्षा ओली |
| ११ | प्रगतीशील बाल समुह | १६ | ९ | २५ | साईष्तु घिमिरे |
| १२ | जनकाल्याणेश्वर बाल समुह | १२ | ४ | १६ | जुली श्रेष्ठ |
| १३ | पिपलबोट बाल समुह | १० | १५ | २५ | ईसिका बानियाँ |
| १४ | वनश्खण्डी बाल समुह | ६ | ६ | १२ | सुबिना दाहाल |
| १५ | सानोपोखरा बाल समुह | ९ | १६ | २५ | हिरा दुलाल |
| १६ | मितेरी बाल समुह | ५ | ११ | १६ | सानिया लामा |
| | वडा स्तरीय बाल समुह संजाल | १२ | १३ | २५ | कृषाङ्गी अर्याल |

**१२) हेटौंडा उपमहानगरपलिका वडा नं. २ मा रहेको वडास्तरीय बाल सञ्जालका पदाधिकारीको नामवली**

| क्र.स | नामथर | पद | बाल समूह नाम | फोन नं। |
|---|---|---|---|---|
| १ | कृषाङ्गी अर्याल | अध्यक्ष | बाल जागृती बाल समुह | ९८०४२६४१३० |
| २ | भोजराज संजेल | उपाध्यक्ष | सिद्धार्थ बाल समुह | ९७४१६७४७३४ |
| ३ | पुर्वजा न्यौपाने | सचिव | सिम्रिक बाल समुह | ९८५११३८९०९ |
| ४ | ह्तिक रिजाल | सह-सचिव | प्रगतीशिल बाल समुह | ९८४५२९६९२१ |
| ५ | प्रान्सु गुरुङ्ग | कोषाध्यक्ष | चौकीटोल बाल समुह | ९८६६७९८५६८ |
| ६ | अनुस्का सुवेदी | सदस्य | प्रगतीशिल बाल समुह | ९८४५४९१३३२ |
| ७ | गरिमा भट्टराई | सदस्य | वनश्खण्डी बाल समुह | ९८४५०७१४७५ |
| ८ | साईस्तु घिमिरे | सदस्य | प्रगतीशिल बाल समुह | ९८४५६२२१७७ |
| ९ | स्वर्णिम रञ्जितकार | सदस्य | सानोपोखरा बाल समुह | ९८६३९२३९३८ |

| | | | | |
|---|---|---|---|---|
| १० | प्रसिद्ध तिमल्सिना | सदस्य | प्रगतीशिल बाल समुह | ९८४५०७७३३२ |
| ११ | आयाम पाठक | सदस्य | मानस बाल समुह | ९८२३८७२३६६ |
| १२ | अर्पणा सुवेदी | सदस्य | प्रगतीशिल बाल समुह | ९८४५०२७५८२ |
| १३ | अञ्जु कुमारी शाह | सदस्य | सानोपोखरा बाल समुह | ९८१७४०७२७७ |
| १४ | सुसान्त श्रेष्ठ | सदस्य | सगरमाथा बाल समुह | ९७४९९३८४४६ |
| १५ | नन्दनी शाह | सदस्य | पिपलबोट बाल समुह | ९८४५४६४१०८ |
| १६ | प्रिन्स पुडासैनी | सदस्य | एकता बाल समुह | ९८४२०८८०७२ |
| १७ | सन्देश रिजाल | सदस्य | उज्वल बाल समुह | ९८४०१८६६३४ |
| १८ | कृतन आचार्य | सदस्य | नयाँ मनकामना बाल समुह | ९८४५२३५९०० |
| १९ | सञ्जिला श्रेष्ठ | सदस्य | बिजय शान्ती बाल समुह | ९८४५०५६४९० |
| २० | प्रथा राजबाहक | सदस्य | बिजय शान्ती बाल समुह | ९८५०२७५०३ |
| २१ | एलेक्स लामा | सदस्य | संगम बाल समुह | ९८११८५१०८९ |
| २२ | अङ्कित सिग्देल | सदस्य | संगम बाल समुह | ९८०४२८५६४५ |
| २३ | रिवाज बतौंला | सदस्य | बालजागृती बाल समुह | ९८२७२८२९७७ |
| २४ | रोजिना पुडासैनी | सदस्य | सिम्रिक बाल समुह | |
| २५ | सानिया लामा | सदस्य | सानोपोखरा बाल समुह | |

**१३) हेटौंडा उपमहानगरपलिका वडा नं. २ को वडा समिति, बालमैत्री स्थानीय शासन वडा समिति र वडा बालअधिकार समितिमा भएका व्यक्तिहरूको नामावली**

***वडा समिति***

| **क्र.स.** | **नाम थर** | **पद** |
|---|---|---|
| १ | विष्णु गोपाल महर्जन | वडा अध्यक्ष |
| २ | मैया परियार | वडा सदस्य |
| ३ | सुरज बतौंला | वडा सदस्य |
| ४ | ईन्द्र प्रसाद रिजाल | वडा सदस्य |
| ५ | राम प्रसाद गुरागाईं | वडा सचिव |

***बालमैत्री स्थानीय शासन वडा समिति***

| **क्र.स.** | **नाम थर** | **पद** |
|---|---|---|
| १ | विष्णु गोपाल महर्जन | अध्यक्ष |
| २ | मैया परियार | सदस्य |
| ३ | सुरज बतौंला | सदस्य(बालमैत्री स्थानीय शासन वडा सम्पर्क व्यक्ति) |
| ४ | ईन्द्र प्रसाद रिजाल | सदस्य |
| ५ | मञ्जु गौतम | सदस्य |

| | | |
|---|---|---|
| ६ | परमानन्द सरोज कर्ण | सदस्य |
| ७ | अमुल श्रेष्ठ | सदस्य |
| ८ | सावन सुवेदी | सदस्य |
| ९ | श्रीजना पण्डित | सदस्य |
| १० | सानी कान्छी बरुवाल | सदस्य |
| ११ | कृषाङ्गी अर्याल (बालिका) | सदस्य |
| १२ | भोजराज सञ्जेल (बालक) | सदस्य |
| १३ | राम प्रसाद गुरागाईं | सदस्य सचिव |

*वडा बालअधिकार समिति*

| क्र.स. | नाम थर | पद |
|---|---|---|
| १ | विष्णु गोपाल महर्जन | संयोजक |
| २ | सुरज बतौंला | सदस्य |
| ३ | मञ्जु गौतम | सदस्य |
| ४ | परमानन्द सरोज कर्ण | सदस्य |
| ५ | मनिसा घले | सदस्य |
| ६ | श्रीजना पण्डित | सदस्य |
| ७ | बिमल ढुङ्गेल | सदस्य |
| ८ | आषिश दुलाल | सदस्य |
| ९ | कृषाङ्गी अर्याल (बालिका) | सदस्य |
| १० | भोजराज सञ्जेल (बालक) | सदस्य |
| ११ | राम प्रसाद गुरागाईं | सदस्य सचिव |

**१४) बाल सहभागिताका सूचकहरूको विद्यमान अवस्था**

| क्र.स. | सुचक | आधार वर्षको अवस्था (०७९/८०) | हालको अवश्था (२०८१/०२/१७सम्म) | घोषणाको लागि आवश्यक प्रतिशत | सुचकको व्याख्या |
|---|---|---|---|---|---|
| १ | स्थानीय तहमा समावेशी आधारमा बाल संजाल गठन भई क्रियाशिल ( न्युनतम वार्षिक ३ वटा बैठक, | | १००% | ९५% | मिति २०८० वैशाख २८ गते गठन भएको वडास्तरीय बालसंजालको बैठक |

| | | | | | |
|---|---|---|---|---|---|
| | ३ वटा कार्यक्रम संचालन ) रहेका हुनेछन् । | | | | र अतिरिक्त कृयाकलाप नियमित र नगरमा सुचिकृत। |
| २ | स्थानीय तहमा वस्ती वा टोल र विझालयहरुमा समावेशी आधारमा बाल क्लब गठन भै क्रियाशील ( न्युनतम वार्षिक ३ वटा बैठक, ३ वटा कार्यक्रम संचालन ) रहेका हुनेछन् । | | १००% | ९५% | टोलस्तरीय १६ र विद्यालयस्तरीय ३ वटा गरि १९ बाल समुहको बैठक र अतिरिक्त कृयाकलाप नियमित, सबै बाल समुह वडामा सुचिकृत। |
| ३ | ५ कक्षा भन्दा माथि अध्ययन अध्यापन हुने विझालयका व्यवस्थापन समितिमा बालक्लबको प्रतिनिधित्व रहनेछ | | १००% | १००% | पाँच कक्षाभन्दा माथी अध्ययन हुने ३ वटा विद्यालयका ब्यवस्थापन समितिमा बालसमूहको आमन्त्रित सहभागिता रहेको। |
| ४ | स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लब/संजालको प्रतिनिधित्व रहनेछ। | | १००% | १००% | स्वास्थ्य व्यवस्थापन समितिमा वडा बाल संजालका १ बालक १ बालिकाको आमन्त्रित प्रतिनिधित्व रहेको। |
| ५ | स्थानीय तहमा रहेका बालबालिका सम्बन्धी सरोकारका संरचना/ समितिहरुमा १२ देखि १८ वर्षका बालबालिकाको संस्थागत सहभागिता सुनिश्चित गरिएको हुनेछ । | | १००% | ९०% | वडामा रहेको विभिन्न सरोकारवाला समितिमा १ बालक र १ बालिकाको अर्थपुर्ण सहभागिता सुनिश्चित गरिएको। |
| ६ | बालभेलाबाट माग भै आएका योजनाहरु स्थानीय तहको योजनामा समाबेश भएका हुनेछन्। | | १००% | १००% | मिति २०८०/०२/२० गते आयोजित बालभेलाबाट प्राथमिकिकरण गरि माग भै आएका योजना वडाको वार्षिक बजेटमा समावेश गरिएको,<br><br>पञ्चवर्षिय लगानी योजना नगर कार्यपालिकाबाट स्विकृत भएको। |

**१५) संस्थागत सूचकमा भएका महत्त्वपूर्ण कार्यहरू**

१. वडामा बालमैत्री स्थानीय शासन वडा समिति र वडाबालअधिकार समिति गठन भई क्रियाशील रहेका।
२. वडामा बालमैत्री शाखा स्थापना भई एक जनप्रतिनिधीलाई बालमैत्री सम्पर्क व्यक्तिको जिम्मेवारी दिईएको र बालमैत्री वडा सहजकर्ता परिचालन।
३. बालमैत्री आचारसंहिता र नीति नियम तर्जुमा गरी कार्यान्वयनमा रहेको ।
४. वडामा रहेको बालउद्यान भित्र बालमैत्री सिकाई स्रोतकेन्द्र निर्माणाधिन अवस्थामा रहेको ।
५. बाल वस्तुगत विवरण र सेवा प्रदायकको तथ्याङ्क विश्लेषणको आधारमा बालबालिकाको लागि पञ्चवर्षिय लगानी योजना तर्जुमा गरी कार्यान्विन भईरहेको ।
६. बालभेलाबाट माग भई आएका योजनाको आधारमा स्थानीय तहको विकास योजना तर्जुमा र कार्यान्वयन।
७. बालबालिका सम्बन्धी स्थिती प्रतिवेदन तयारी।
८. प्रारम्भिक बाल शिक्षा केन्द्र एवं शिशु विकास केन्द्र व्यवस्थापन कार्यविधि तथा विद्यालय बस सञ्चालन निर्देशिका प्रकाशन, वितरण एवं कार्यान्वयन भएको ।
९. बालमैत्री, वातावरण मैत्री र विपत ब्यवस्थापन सम्बन्धी अतिरिक्त कक्षा सत्र संचालन भईरहेको ।
१०. स्थानीय प्रहरी कार्यालयमा बालमैत्री सम्पर्क शाखा स्थापना गरी संचालनमा रहेको र बालमैत्री सम्पर्क व्यक्ति तोकिएको।
११. वडा कार्यालयमा स्तनपान कक्षको व्यवस्थापन भएको ।
१२. बाल संरक्षण प्रणाली अन्तरगत नगरस्तरीय बालकोषको व्यवस्थापन गरिएको।
१३. विपन्न छात्र छात्रालाई छात्रवृत्ती सहयोग।
१४. विद्यालय तथा सार्वजनिक भवनमा बालमैत्री, अपाङ्गमैत्री संरचना।
१५. विपद् व्यवस्थापन समिति मार्फत विपद्को समयमा बालबालिका केन्द्रित बजेट विनियोजन र संस्थागत व्यवस्थापन।

यस वडा कार्यालयले संस्थागत सूचकको क्षेत्रमा गरेका कार्यहरु निम्नानुसार प्रस्तुत गरिएको छः

**१६) संस्थागत सूचकहरूको विद्यमान अवस्था**

| क्र स | सुचक | आधार वर्षको अवस्था (०७९/८०) | हालको अवश्था (२०८०/१२/२१ सम्म) | घोषणाको लागि आवश्यक प्रतिशत | सुचकको व्याख्या |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | वडा/गाउँ/नगरपालिका तहमा बालमैत्री स्थानीय शासन समितिहरु गठन भै क्रियाशिल रहेका हुनेछन्। | | १००% | १००% | बालमैत्री स्थानीय शासन वडा समिति र वडा बाल अधिकार समिति गठन र सकृय। |
| २ | स्थानीय तहहरुले आफ्नो लागि बालमैत्री आचार संहिता र नीति नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याएका हुनेछन्। | | १००% | १००% | निम्न नीति, कार्यविधि र निर्देशिका कार्यान्वयनमा ल्याईएकोः<br>• हेटौंडा उपमहानगरपालिकाको बालअधिकार संरक्षण नीति, २०७९ (बालमैत्री आचारसंहिता समावेश गरिएको)<br>• हेटौंडा उपमहानगरपालिका बालबालिका सम्वन्धी ऐन, २०७९<br>• बाल समुह संजाल गठन तथा सहजिकरण निर्देशिका,२०७९<br>• बालकोष स्थापना र सञ्चालन कार्यविधि, २०७९<br>• बालमैत्री स्थानिय शासन सहजकर्ता नियुक्ति सम्वन्धी कार्यविधि, २०७७<br>• प्रारम्भिक बालशिक्षा केन्द्र एवं शिशु विकास केन्द्र व्यवस्थापन कार्यविधि, २०८०<br>• विद्यालय बस सञ्चालन निर्देशिका, २०८० |
| ३ | गाउँपालिका/नगरपालिकामा कम्तिमा एक बाल उद्यान सहितको बालमैत्री सिकाई स्रोत केन्द्र संचालनमा रहेको हुनेछ। | | १००% | ८०% | • यस वडाको विश्वशान्ती टोल विकास संस्थामा रहेको सुन्दर सामुदायिक वन अन्तर्गतको बाल उद्यानमा सिकाई स्रोत केन्द्र स्थापना गर्ने कार्य भईरहेको।<br>• नगरस्तरीय बाल उद्यानमा सिकाई स्रोत केन्द्र स्थापना भई सञ्चालनमा ल्याईएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | बालबालिकाको वस्तुगत विवरण (प्रोफाईल) को आधारमा स्थानीय तहको विकास योजना र बालबालिकाको लागि लगानी योजना तर्जुमा भै कार्यान्वयन भएको हुनेछ। | | १००% | १००% | बाल बस्तुगत विवरण तयार भए पश्चात २०८०/०८/१८ मा पञ्चवर्षिय लगानी योजना निर्माण गरि नगर कार्यपालिकाबाट स्विकृत भएको । |
| ५ | स्थानीय तहको योजना तर्जुमा पूर्व वार्षिक रुपमा वडा र गाउँ/ नगरपालिका तहमा बालभेला आयोजना गरी बालभेलाले प्राथमिकता तोकेको विषयलाई स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा समावेश गरिएको हुनेछन्। | | १००% | १००% | मिति २०८०/०२/२० गते आयोजित बालभेलाबाट प्राथमिकिकरण गरि माग भै आएका योजना वडाको वार्षिक बजेटमा समाबेश गरि कार्यान्वयन भएको। |
| ६ | स्थानीय तहमा बालबालिका सम्बन्धी स्थितिपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ । | | १००% | १००% | वडा नं. २ को अन्तिम स्थीति पत्र २०८१ जारी हुदैं गरेको। |
| ७ | प्रारम्भिक बालविकास केन्द्रहरुले स्थानिय तहले तोकेको न्युनतम मापदण्ड पुरा गरेका हुनेछन् । | | १००% | १००% | यस वडाका ३ वटै बाल विकास केन्द्र नगरको प्रारम्भिक बालशिक्षा केन्द्र एवं शिशु विकास केन्द्र व्यवस्थापन कार्यविधि, २०८० को मापदण्ड अनुसार सञ्चालन भइरहेको। |
| ८ | विद्यालयले कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरुको लागि बालमैत्री, वातावरणमैत्री र विपद् व्यवस्थापन सम्बन्धी अतिरीक्त कक्षा संचालन गरेका हुनेछन् । | | ८०% | १००% | सवै विद्यालयले अतिरिक्त कृयाकलाप अन्तर्गत बालमैत्री, वातावरणमैत्री र विपद् व्यवस्थापन सम्वन्धी प्रयोगात्मक कक्षा सञ्चालन गरेको। |
| ९ | आधारभुत शिक्षा पश्चात विद्यालयका शिक्षाबाट वञ्चित भएका बालबालिकाहरुले जीवन उपयोगी | | १००% | १००% | यस वडामा आधारभुत विद्यालय शिक्षावाट वंन्चित भएका बालबालिकाहरु नरहेका र बालसमूहमा आवद्ध |

| | | | | | |
|---|---|---|---|---|---|
| | शिक्षा (व्यवसायिक तथा सीपमुलक तालिम ) प्राप्त गरेका हुनेछन् । | | | | बालबालिकालाई नियमित रुपमा व्यवहारिक ज्ञान, बोली व्यवहार, पारिवारिक संस्कार बारे जीवन उपयोगी शिक्षा दिने गरिएको । |
| १० | स्थानीय तहमा रहेका प्रहरी (कार्यालय) चौकीहरुमा बालमैत्री कक्ष वा बालमैत्री सम्पर्क एकाई रहेको हुनेछ । | | १००% | १००% | स्थानीय ईलाका प्रहरी कार्यालय, चौकीटोलमा बालमैत्री सम्पर्क शाखा स्थापना गरि बालमैत्री सम्पर्क व्यक्ति समेत तोकिएको । |
| ११ | विद्यार्थी सवार हुने शैक्षिक संस्थाका सवारी साधनहरु स्थानीय तहले तोकेको न्युनतम मापदण्ड अनुसार बालमैत्री र अपाङ्गमैत्री हुनेछन् । | | १००% | १००% | यस वडाका ३ वटा विद्यालयले सञ्चालन गरिरहेको स्कुल बस नगरको विद्यालय बस सञ्चालन निर्देशिका, २०८०को मापदण्ड अनुरुप सञ्चालन हुँदै गरेको । |
| १२ | स्थानीय तहको प्रशासकीय कार्यालयमा स्तनपान कक्षको व्यवस्था भएको हुनेछ । | | १००% | १००% | वडा कार्यालयमा स्तनपान कक्षको व्यवस्था भएको। |
| १३ | बसपार्क, सिनेमा हल, हाट बजार, खेल मैदान जस्ता सार्वजनिक स्थलहरुमा बालमैत्री शौचालय र खानेपानी धाराको व्यवस्था भएको हुनेछ। | | १००% | १००% | सार्बजनिक स्थानमा रहेको २ वटा खानेपानी धारा र शौचालय बालमैत्री रहेको। |
| १४ | स्थानीय तहको विपद् व्यवस्थापन योजनामा विपद्को समयमा बालबालिकाको आवश्यकता सम्बोधन गर्ने प्रावधान समावेश भएको हुनेछ। | | १००% | १००% | आमन्त्रित बाल सहभागिता सहित विपद् व्यवस्थापन समिति गठन भई बैठक बसेको। |
| १५ | विपद्को समयमा बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरुको विशेष सहयोगको लागि संस्थागत व्यवस्था भएको हुनेछ । | | १००% | १००% | विपद् व्यवस्थापन कोषको व्यवस्था गरि विपद् व्यवस्थापन सामाग्री जगेडा राख्ने व्यवस्था हुदैं गरेको। |

१७)  बालमैत्री स्थानीय शासन कार्यान्वयनका चरण तथा तहगत खुड्किला प्राप्ती सम्वन्धी विवरणः

| | क्र स | विवरण | पुरा भएको | | कार्यसम्पन्न मिति र सम्वन्धित विवरण |
|---|---|---|---|---|---|
| | | | छ | छैन | |
| पुर्व तयारी चरण | १ | कार्यपालिकाबाट आफ्नो गापा/नपालाई बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्ने निर्णय गर्ने | √ | | मिति २०७९/०५/२४ गतेको नगर कार्यपालिकाको निर्णयको प्रतिलिपि |
| | २ | बालमैत्री स्थानीय शासनको अवधारणा सम्बन्धी गाउँ/नगर समितिका पदाधिकारी र अन्य सरोकारवालाहरूलाई अभिमूखिकरण गर्ने | √ | | • मिति २०७९ मंसिर १२ गते सम्पन्न भएको अभिमुखिकरण कार्यक्रमको उपस्थिति, प्रतिवद्धता पत्र तथा तस्वीरहरू<br>• यस वडामा २०७९ मंसिर देखि बालमैत्री स्थानीय शासन अवलम्बन गरेको माइन्युटको प्रतिलिपी<br>• २०७९ फाल्गुन पश्चात विभिन्न मितिमा टोलस्तरीय अभिमुखिकरण कार्यक्रम सञ्चालनको प्रतिलिपि |
| | ३ | कार्यपालिका र बालमैत्री स्थानीय शासन गाउँ/नगरस्तरीय समितिबाट लिखित प्रतिवद्धता गर्ने | √ | | वडास्तरीय सरोकारवालाहरूलाई अभिमुखिकरणको दिन गरिएको सामुहिक प्रतिवद्धता फ्लेक्सको फोटो |
| | ४ | बालमैत्री स्थानीय शासनको अवधारणा र विद्यमान अवस्था सम्बन्धी कार्यान्वयन निर्देशिकाको सूचकमा आधारित भई गाउँपालिका नगरपालिकामा<br><br>बालबालिकाको अवस्था सम्बन्धी वस्तुगत विवरण (प्रोफाईल) तयार गर्ने र प्रकाशन गर्ने | √ | | • २०७९ फाल्गुन देखि जेष्ठ सम्ममा घरधुरी सर्वेक्षण<br>• घरधुरी सर्वेक्षणको आधारमा बाल वस्तुगत विवरण तयार र २०८० पौष २४ मा बाल बस्तुगत विवरण छलफल र बाल वस्तुगत विवरणको १ थान किताव |
| | ५ | बालमैत्री स्थानीय शासनका सूचकको स्थानीयकरण गर्ने | √ | | मिति २०८० मंसिर १४ गतेका दिन बालमैत्री स्थानीय शासनका सुचक मापनयोग्य सरलिकरण कार्यशाला सञ्चालन प्रतिलिपी/फोटो |

| | | | | | |
|---|---|---|---|---|---|
| | ६ | बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्न आवश्यक स्थानीय नीति/रणनीति/कार्यविधि<br><br>निर्देशिका र आचारसंहिता तयार गर्ने | √ | | • हेटौंडा उपमहानगरपालिका बालबालिका सम्वन्धी ऐन, २०७९<br>• हेटौंडा उपमहानगरपालिकाको बालअधिकार संरक्षण नीति, २०७९ ( बालमैत्री आचारसंहिता समावेश गरिएको)<br>• बालसमूह संजाल गठन तथा सहजिकरण निर्देशिका,२०७९<br>• बालकोष स्थापना र सञ्चालन कार्यविधि, २०७९<br>• बालमैत्री स्थानीय शासन सहजकर्ता नियुक्ति सम्वन्धी कार्यविधि, २०७७<br>• प्रारम्भिक बालशिक्षा केन्द्र एवं शिशु विकास केन्द्र व्यवस्थापन कार्यविधि,२०८०<br>• विद्यालय बस सञ्चालन निर्देशिका, २०८० |

| | क्र.स. | विवरण | पुरा भएको | | कार्यसम्पन्न मिति र सम्वन्धित विवरण |
|---|---|---|---|---|---|
| | | | छ | छैन | |
| तयारीको चरण | १ | गाउँपालिका/नगरपालिका र वडामा बालमैत्री स्थानीय शासनका लागि संस्थागत प्रबन्ध<br><br>(सम्पर्क शाखा, सम्पर्क व्यक्ति तोक्ने र जिम्मेवारी दिने) गर्ने। | √ | | मिति २०७९/०८/१२ को निर्णय अनुसार वडा सदस्य श्री रिता सार्कीलाई बालमैत्री सम्पर्क व्यक्ति तोकिएको र निजको कार्यकक्षमा बालमैत्री सम्पर्क शाखा रहने तोकिए बमोजिम व्यवस्थापन रहेको कागजात प्रमाण |
| | २ | बालमैत्री स्थानीय शासन अबलम्बन गर्ने वडाहरू छनोट गर्ने | √ | | मिति २०७९/०५/२४ मा नगर कार्यपालिकाद्वारा सम्पुर्ण वडा सहित नगरलाई बालमैत्री स्थानीय शासनयुक्त वडा बनाउने निर्णयको प्रतिलिपि |
| | ३ | बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकायबाट बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि स्रोत सहितको प्रतिवद्वता प्राप्त गर्ने | √ | | बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकाय संग बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि अन्तरकृया गरि प्रतिवद्वतामा हस्ताक्षर गरेको प्रतिलिपि र फोटो |
| | ४ | बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि लगानी योजना तयार गर्ने | √ | | २०८० मंसिर १८ मा पञ्चवर्षिय लगानी योजना तयार गरि प्रकाशन गरिएको १ थान किताव |

| | | | | | |
|---|---|---|---|---|---|
| | ५ | बालकोष सञ्चालन कार्यविधि स्वीकृति, बालकोष स्थापना र सञ्चालन गर्ने | √ | | बालकोष स्थापना र सञ्चालन कार्यविधि, २०७९ (राजपत्र) |
| | ६ | बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने वडामा आवश्यकता अनुसार बाल क्लव, बाल सञ्जाल टोल विकास संस्था। समुदायमा आधारित संस्थाहरूको गठन र परिचालन गर्ने | √ | | विद्यालयस्तरीय ३, टोलस्तरीय १६ र १ वटा वडा बाल संजाल गठन भई क्रियाशिल रहेको माइन्युटको प्रतिलिपी |

| | **क्र.स.** | **विवरण** | **पुरा भएको** | | **कार्यसम्पन्न मिति र सम्वन्धित विवरण** |
|---|---|---|---|---|---|
| | | | **छ** | **छैन** | |
| **नितियोजना तर्जुमा कार्यान्वयन** | १ | लगानी योजनामा आधारित भई बालमैत्री स्थानीय शासनका सूचक प्राप्त गर्न क्षेत्रगत क्रियाकलापहरूको तयारी गर्ने | √ | | • नगर कार्यान्वयन सहजिककरण समिति गठन एवं परिचालन बैठक आदिको प्रतिलिपी<br>• लगानी योजना अन्तर्गतका नतिजामुखी कार्ययोजना तयार र कार्यान्वयनको प्रतिलिपी |
| | २ | छनोट भएका क्रियाकलापहरूका लागि आवश्यक बजेट विनियोजन गर्ने | √ | | नगर सभाद्वारा गरिएको निर्णय र वार्षिक बजेट, नीति तथा कार्यक्रम (रातो किताब) |
| | ३ | साझेदार र सरोकारवालाहरूको सञ्जाल निर्माण, समन्वय र सहकार्य गर्ने | √ | | • सबै साझेदार र सरोकारवालालाई साझेदारी समन्वय र कार्यान्वयन गराउनका लागि नगरस्तरीय गठित कार्यन्वयन सहजिकरण समितिको अभिलेख<br>• सरोकारवालाको समन्वय संजाल निर्माण बाँकी |

| | | | | | |
|---|---|---|---|---|---|
| को चरण | ४ | स्वीकृत वार्षिक क्रियाकलापहरूको कार्ययोजना बनाई कार्यान्वयन गर्ने | √ | | मिति २०८०/०६/१५ मा बालमैत्री स्थानीय शासन वडा समितिद्वारा स्विकृत गरिएको वडास्तरीय बालमैत्री स्थानीय शासन अवलम्वन तथा कार्यान्वयनका लागि प्रकृयागत नतिजामुखी कार्ययोजना |
| | ५ | बालमैत्री स्थानीय शासनका सूचक अनुसारको नतिजा प्राप्तिको सुनिश्चितता गर्ने | √ | | विषयगत शाखाहरूले नगरलाई लेखिदिएको प्रतिवद्धता पत्रहरू |

| | क्र. स. | विवरण | पुरा भएको | | कार्यसम्पन्न मिति र सम्वन्धित विवरण |
|---|---|---|---|---|---|
| | | | छ | छैन | |
| अनुगमन मुल्याङ्कन र प्रतिवेदनको चरण | १ | वडा समिति, गाउँ/नगरस्तरीय समितिबाट सूचक सूचक पुरा भएको अवस्थामा सरोकारवालाहरू समेतको सहभागितामा, अनुगमन र समिक्षा गरी प्रतिवेदन तयार गर्ने | √ | | स्थलगत अनुगमन गरेको चेकलिष्टहरू, अन्तिम सूचक मापन र वडाको अन्तिम प्रतिवेदन |
| | २ | बालमैत्री स्थानीय शासनका सूचकका आधारमा स्थितिपत्र तयारी र सार्वजनिकीकरण गर्ने | √ | | बालमैत्री स्थानीय शासनको अन्तिम स्थीतीपत्र , २०८१ छापिएको किताब |
| | ३ | बालमैत्री स्थानीय शासनको घोषणाका लागि तोकिएको निकायबाट अनुगमन गर्ने। | √ | | शाखागत रूपमा स्थलगत अनुगमनको चेकलिष्ट (प्राप्त नभएको) |
| | ४ | वडा/स्थानीय तहबाट सूचक पुरा भएको प्रमाणीकरण गर्ने। | √ | | विषयगत शाखाद्वार आ-आफ्नो क्षेत्रगत सूचक प्रमाणित गरी वडामा पेश गरेको प्रतिलिपि |
| | ५ | बालमैत्री वडा/स्थानीय तह घोषणाका लागि तोकिएको निकायबाट अनुमती प्रदान गर्ने | √ | | वडा घोषणका लागि नगर कार्यपालिकाको स्वीकृति बैठकको निर्णय र वडालाई दिएको अनुमति पत्र |

| | क्र.स. | विवरण | पुरा भएको | | कार्यसम्पन्न मिति र सम्वन्धित विवरण |
|---|---|---|---|---|---|
| | | | छ | छैन | |
| बालमैत्री वडा गापा नगर घोषणा तथा दिगोपनाको चरण | १ | बालमैत्री वडा/गाउँपालिका/नगरपालिका घोषणा पश्चातको रणनीतिक योजना तर्जुमा गर्ने | √ | | घोषणा पश्चात दिगोपनाका लागि पञ्चवर्षीय रणनीतिक योजना छापिएको किताव |
| | २ | बालमैत्री वडा घोषणा गर्न कार्यपालिका र नगरपालिका/ घोषणा गर्न सम्बन्धित गाउँ नगर सभाको निर्णय | √ | | बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्नका लागि आवश्यक कागजात प्रतिवेदन नगर कार्यपालिकामा पेश गरि नगर कार्यपालिकाको बैठकको निर्णय पश्चात सो निर्णयको प्रतिलिपी समावेश गरिनेछ। |
| | ३ | बालमैत्री वडा/गाउँपालिका/ नगरपालिका घोषणा | √ | | बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरेपछि अभिलेख प्रतिवद्धता समावेश गरिनेछ। |
| | ४ | बालमैत्री वडा/गाउँपालिका/ नगरपालिका घोषणापश्चातको रणनीतिक योजना कार्यान्वयन | √ | | पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनका लागि वडासमितिले प्रतिवद्धता सहित गरेको निर्णयको प्रतिलिपि। |
| | ५ | वार्षिक रूपमा प्रतिवेदन तयारी र प्रकाशन गर्ने | √ | | वडाको अन्तिम प्रतिवेदन |
| | ६ | बालमैत्री स्थानीय शासनका सूचकहरूको दिगोपनाको सुनिश्चितता। | √ | | • वडामा एक जना बालमैत्री सहजकर्ता, एकजना सम्पर्क व्यक्ति तोकिएको र वडा सदस्यहरुलाई टोल विभाजन जिम्मेवारी बाँडिएको<br>• वडा बालमैत्री स्थानीय शासन समिति, वडा बालअधिकार समिति, विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति, बालसमूह र सञ्जाल तथा वडा समितिले बालमैत्री स्थानीय शासन दिगोपनाका लागि प्रतिवद्धता गरेको निर्णयको प्रतिलिपी। |

**१) बालबालिका सम्बन्धी योजना तर्जुमा र कार्यान्वयनको अवस्थाः**

*बालबालिकाको लागि स्थानीय लगानी योजनाः*

२ न. वडाले यस आर्थिक वर्षमा बालमैत्री स्थानीय शासनका कार्ययोजना तयार गरि स्थानीय विकास योजना (नीति तथा कार्यक्रम)मा समावेस गरेको छ । वडाका जनप्रतिनिधि, महिला, बालबालिका, दलित, आदिवासी जनजाती, जेष्ठ नागरिक, अपाङ्गता भएका नागरिक लगायत सम्पूर्ण सरकोकारवालाको संलग्नतामा स्थानीय लगानी योजना तयार हुनुका साथै यसको कार्यान्वयनको अवस्था पनि राम्रो छ । यस वडाका अधिकतम योजनाहरु कार्यान्वयन हुने गरेका छन् ।

बालबालिकाको क्षेत्रमा यस वडाले बजेट विनियोजन गरी बालबालिकाद्धारा माग र बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिकामा निर्देशित कार्यक्षेत्रमा लगानी गरेको छ ।साथै वडाको हरेक वार्षिक र आवधिक योजनाहरुमा बालबालिकाको अर्थपूर्ण सहभागिता मार्फत नै योजनाहरु माग भइ कार्यान्वयनको चरणमा जाने समेत आवधिक लगानी योजना (पञ्चवर्षिय) मार्फत सुनिश्चित गरिएको छ। वार्षिक रुपमा बाल भेला गराई सो भेलाबाट प्राथमिकिकरण गरि माग भई आएका योजनालाई वडाको वार्षिक बजेटमा समावेश गरि कार्यान्वयनमा समेत ल्याईएको हुनाले योजना निर्माणमा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित भएको छ ।
यस वडाको **आ.व.२०८०/८१** अनुसार बालमैत्री स्थानीय शासनको क्षेत्रमा समावेश भएका योजनाहरु यस प्रकार रहेका छन्ः

| क्र.स. | कार्यक्रम/क्षेत्र/योजना | बजेट |
|---|---|---|
| १ | बालमैत्री स्थानीय शासन घोषणा तथा पुर्व तयारी सम्बन्धी विवध कार्यक्रम खर्च | ४,००,०००/- |
| २ | वडा बाल भेलाबाट छनौट भई आएका सचेतना, क्षमता विकास लगायतका विवध कार्यक्रम | १,००,०००/- |
| ३ | स्वास्थ्य सम्वन्धी कार्यक्रम खर्च | ५,००,०००/- |
| ४ | छात्रवृत्ती कार्यक्रम | ४,००,०००/- |
| ५ | विद्यार्थी सम्मान तथा पुरस्कार कर्यक्रम | १,००,०००/- |
| ६ | चिल्ड्रेन पार्क तथा खुल्ला व्यायम निर्माण | १०,००,०००/- |
| ७ | सिद्धार्थ मा.वि. भौतिक निर्माण | ५,००,०००/- |
| ८ | स्थानीय, जिल्ला लगायत विभिन्न खेलकुद प्रतियोगिता सहकार्य एवं खेलकुद सम्बन्धी कार्यक्रम एवं सामाग्री खरिद | ७,००,०००/- |
| ९ | विषाधी छर्कने स्प्रे मेसिन खरिद | १,००,०००/- |

| | | |
|---|---|---|
| | **जम्मा** | ३८,००,०००/- |

वडाबाट विनियोजित रकमबाट भएका कृयाकलापहरु र अन्य आर्थिक स्रोत साधनबाट सम्पन्न कृयाकलापहरुः

*आर्थिक स्रोत लगानी, आ.व. ०७९/८०*

| क्र.स. | सम्पन्न कृयाकलाप | रकम | बजेट बेहोर्ने निकाय |
|---|---|---|---|
| १ | चन्द्रोदय मा.वि पुस्तक वितरण | ३०,०००/- | वडा कार्यालय |
| २ | हिमगंगा प्रा.वि मा पुस्तक वितरण | १,७०,०००/- | वडा कार्यालय |
| ३ | २ वटा सामुदायिक विद्यालयमा विद्यालय पोषाक वितरण कक्षा १ देखि ५ सम्म | ५,००,०००/- | वडा कार्यालय |
| ४ | छात्रवृति वितरण | २,००,०००/- | वडा कार्यालय |
| ५ | हिमगंगा प्रा.वि नर्सरी,के.जी शैक्षिक सुधार | १,००,०००/- | वडा कार्यालय |
| | **जम्मा** | **१०,००,०००/-** | |

*आर्थिक स्रोत लगानी, आ.व. ०८०/८१*

| क्र.स. | सम्पन्न कृयाकलाप | रकम | बजेट बेहोर्ने निकाय |
|---|---|---|---|
| १ | अत्तिरिक्त क्रियाकलाप कार्यक्रम | १,४०,०००/- | वडा कार्यालय |
| २ | सुचक मापन तथा आवधिक लगानी योजना | ७०,०००/- | वडा कार्यालय |
| ३ | फ्लेक्स छपाई तथा पसल, ग्यारेजमा वितरण खर्च | ४५,०००/- | वडा कार्यालय |